# कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७५

## (विज्ञान तथा प्रविधिसँग सम्बन्धित)

आ.व. २०७५/०७६

(प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको (माननीय मन्त्रीस्तर)
निर्णयबाट मिति ...२०७५।११।१४ मा स्वीकृत)

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

विराटनगर, नेपाल

२०७५

बद्रीराज ढुंगाना
प्रदेश सचिव

## विषयसूची


१. नमुना विज्ञान प्रयोगशाला प्रवर्द्धन तथा स्थापना सहयोग (सरकारी स्कूल तथा कलेज स्तरमा)........ १

२. प्रादेशिक विधि विज्ञान प्रयोगशाला तथा सूचना प्रविधि पार्क स्थापना सम्वन्धी अध्ययन........ १

३. प्रदेश प्लानेटेरियम तथा विज्ञान संग्रहालय/अनुसन्धान केन्द्र निर्माणको सम्भाव्यता अध्ययन र योजना निर्माण (डी.पी.आर.)........ २

४. प्रदेश स्थलमा फ्रि वाईफाई हटस्पट स्थापना........ ३

५. प्रदेश स्तरीय वैज्ञानिक आविष्कार प्रदर्शन सहित सूचना प्रविधि मेला (निजी क्षेत्रको सहयोगमा)........ ४

६. प्रादेशिक आविष्कार कोष स्थापना........ ४

७. विज्ञान प्रविधि संग सम्बन्धित सरोकारवालासंग समन्वय गोष्ठी/अन्तरकृया........ ५

८. विज्ञान प्रविधि सम्बन्धी नीति, नियम र कानुन निर्माण........ ५

९. विज्ञान प्रविधि सम्बन्धी स्नातकोतर तहमा सोधपत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग........ ६

१०. अनुगमन तथा मूल्यांकन खर्च........ ७




बद्रीराज ढुंगाना
प्रदेश सचिव

प्रदेश सरकार, प्रदेश नं. १ अन्तर्गतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आ.व. २०७५/०७६ मा संचालन तथा सम्पन्न गर्नुपर्ने विज्ञान तथा प्रविधिको क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रमहरुका लागि प्रदेश सरकारले जम्मा रू ४,२७,२५,०००।- वजेट व्यवस्था गरेको छ र यि कार्यक्रमहरु प्रादेशिक सरकार/संघीय सरकारले व्यवस्था गरेका जनशक्तिबाट साथै आवश्यक मात्रामा सेवा प्रदायकबाट सेवा खरीद गरी संचालन तथा सम्पन्न गरिनेछ ।

## १. नमुना विज्ञान प्रयोगशाला प्रवर्द्धन तथा स्थापना सहयोग (सरकारी स्कूल तथा कलेज स्तरमा)

**बजेट विनियोजन रु. (हजारमा)** २८,०००।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**सहयोगी निकायः** सामाजिक विकास मन्त्रालय, स्थानीय तहहरु
**समय सिमाः** वार्षिक

कार्यविधीः

- विज्ञान प्रयोगशाला प्रवर्द्धन तथा स्थापनामा अनुदान सहयोग निर्देशिका/मापदण्ड वनाई कार्यन्वयन गरिने ।
- प्रदेशभित्र विज्ञान प्रयोगशाला स्थापना तथा प्रवर्द्धनको लागि सम्भाव्य स्कूल तथा कलेज छनौट गर्न समिति गठन गरिने।
- प्रदेशका प्रत्येक जिल्लाको प्रतिनिधित्व हुने गरी प्रस्ताव आव्हान गरी स्कूल तथा कलेज छनौट गरिने ।
- सामाजिक विकास मन्त्रालयसंगको समन्वयमा स्कूल तथा कलेजलाई अनुदान प्रासिका लागि प्रस्ताव आव्हान गरिने।
- छनौट भएका स्कूल तथा कलेजलाई TOR वनाई अनुदान उपलव्ध गराउने ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**कार्यक्रम सम्पन्न भएको प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नु पर्दछ,**

- कार्यक्रमको भौतिक, भारित तथा वित्तिय प्रगति
- कार्यक्रमको उपलव्धी
- कार्यक्रम सम्वन्धी फोटाहरु

**अपेक्षित उपलब्धिः** २८ गोटा सरकारी स्कूल, कलेजहरुमा नमुना विज्ञान प्रयोगशाला (Modern Science Lab.) को स्तरोन्नती तथा स्थापना भई विद्यार्थीहरूको प्रयोगात्मक अभ्यासमा सहयोग हुनेछ ।

## २. प्रादेशिक विधि विज्ञान प्रयोगशाला तथा सूचना प्रविधि पार्क स्थापना सम्वन्धी अध्ययन

**बजेट विनियोजन रु. (हजारमा)** २,०००।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय



प्रदेश सचिव

**सहयोगी निकायः** विज्ञान तथा प्रविधि प्रतिष्ठान (NAST), राष्ट्रिय सूचना प्रविधी केन्द्र (National Information Technology Center), स्थानीय तह

**समय सिमाः** वार्षिक

कार्यविधीः

- स्थान छनौट गर्न स्थानीय तहसँग समन्वय गरिने ।
- आवश्यकता अनुसार कार्यदल गठन गर्न सकिने ।
- विधि विज्ञान प्रयोगशाला स्थापनाको अध्ययन कार्य सम्पन्न गर्नको लागि विज्ञान तथा प्रविधि प्रतिष्ठान संग समन्वय गरिने ।
- सूचना प्रविधि पार्क स्थापना सम्वन्धी अध्ययन कार्य सम्पन्न गर्नको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्र समेत संग समन्वय गरिने ।
- प्रदेशभित्र **प्रादेशिक विधि विज्ञान प्रयोगशाला तथा सूचना प्रविधि पार्क स्थापना सम्बन्धि** अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि TOR विकास गरी परामर्श सेवा खरिद गरिने ।
- अध्ययन प्रतिवेदन अनुसार कार्य योजना निर्माण गरिने ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रचलित सार्वजनिक खरिद ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।
- सूचना प्रविधि पार्क (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७२ को समेत पालना गरिनेछ ।

**कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिनेछ,**

- कार्यक्रमको भौतिक, वित्तिय तथा भारित प्रगति
- कार्यक्रमको उपलव्धी, प्रभाव र असर
- स्वीकृत कार्ययोजना

**अपेक्षित उपलब्धिः** प्रदेशभित्र उपयुक्त स्थानमा प्रादेशिक विधि विज्ञान प्रयोगशाला तथा सूचना प्रविधि पार्क स्थापनाको लागि योजना निर्माण हुने ।

## ३. प्रदेश प्लानेटेरियम तथा विज्ञान संग्रहालय/अनुसन्धान केन्द्र निर्माणको सम्भाव्यता अध्ययन र योजना निर्माण (डी.पी.आर.)

**बजेट विनियोजन रु. (हजारमा)** २०००।-

**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**सहयोगी निकायः** विज्ञान तथा प्रविधि प्रतिष्ठान, स्थानीय तह

**समय सिमाः** वार्षिक

कार्यविधीः

- स्थान छनौट गर्न स्थानीय तहसँग समन्वय गरिने ।
- आवश्यकता अनुसार कार्यदल गठन गर्न सकिने ।



प्रदेश सचिव

- प्रदेश प्लानेटेरियम तथा विज्ञान संग्रहालय/अनुसन्धान केन्द्र निर्माणको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि TOR विकास गरी परामर्श सेवा खरिद गरिने ।
- अध्ययन प्रतिवेदन अनुसार DPR निर्माण गरिने ।
- यस कार्य सम्पन्न गर्नको लागि विज्ञान तथा प्रविधि प्रतिष्ठानसंग समन्वय गरिने ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रचलित सार्वजनिक खरिद ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिनेछ,**

- कार्यक्रमको भौतिक, वित्तिय तथा भारित प्रगति
- कार्यक्रमको उपलव्धी, प्रभाव र असर
- कार्यक्रम सम्वन्धी फोटाहरु

**अपेक्षित उपलब्धिः** प्रदेशभित्र उपयुक्त स्थानमा प्रदेश प्लानेटेरियम तथा विज्ञान संग्रहालय/अनुसन्धान केन्द्र स्थापनाको लागी योजना निर्माण हुने ।

## ४. प्रदेश स्थलमा फ्रि वाईफाई हटस्पट स्थापना

**बजेट विनियोजन रु. (हजारमा)** १,४००।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**सहयोगी निकायः** नेपाल टेलिकम, स्थानीय तह
**समय सिमाः** वार्षिक

कार्यविधीः

- एक एक वटा जिल्लाको कमसेकम १ वटा स्थानमा फ्रि वाईफाई हटस्पट स्थापना गरिने ।
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थलगत अनुगमन र स्थानीय तहसँग समन्वयमा स्थान छनौट गरिने ।
- TOR विकास गरी नेपाल टेलिकम/अन्य सेवा प्रदायकसँग सम्झौता गरी सेवा खरिद गरिने ।

**कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिने**

- कार्यक्रमको भौतिक तथा भारित प्रगति
- फ्रि वाईफाई हटस्पटको प्रभाव
- कार्यक्रम सम्वन्धी फोटाहरु

**अपेक्षित उपलब्धिः** प्रदेशभित्रका १४ वटा जिल्लाका नै केही स्थानीय तहका विशेष महत्वका स्थानमा फ्रि वाईफाई हटस्पट स्थापना हुने ।

## ५. प्रदेश स्तरीय वैज्ञानिक आविष्कार प्रदर्शन सहित सूचना प्रविधि मेला (निजी क्षेत्रको सहयोगमा)

**बजेट विनियोजन रु. (हजारमा)** २,०००।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**सहयोगी निकायः** विज्ञान तथा प्रविधि प्रतिष्ठान, स्थानीय तह, त्रि.वि.वि, पूर्वाञ्चल विश्वविद्यालय, सूचना प्रविधिको क्षेत्रमा कार्य गरिरहेका नीजि कम्पनीहरू तथा संघ संस्थाहरू ।
**समय सिमाः** वार्षिक

कार्यविधीः

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम संञ्चालन गरिने ।
- विज्ञान तथा प्रविधि प्रतिष्ठानसंग समन्वय गरि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- विज्ञान प्रविधि क्षेत्रसँग सम्वन्धित अनुसन्धान गरिरहेका वैज्ञानिकहरुलाई Exhibition का लागि आह्वान गरिनेछ ।
- सूचना प्रविधिको क्षेत्रमा कार्य गरिरहेका नीजि कम्पनीहरू तथा संघ संस्थाहरूलाई Goods and Service Exhibition को लागि आह्वान गर्ने ।
- समय र Exhibition को स्थान निर्धारण गरिने।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रचलित सार्वजनिक खरिद ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिनेछ**

- कार्यक्रमको भौतिक, वित्तिय तथा भारित प्रगति
- कार्यक्रमको उपलव्धी, प्रभाव
- कार्यक्रमका फोटोहरु

**अपेक्षित उपलब्धिः** वैज्ञानिकहरुको सृजनशिलताको विकास हुनुका साथसाथै सूचना प्रविधिको विकास तथा हस्तान्तरणमा सहयोग ।

## ६. प्रादेशिक आविष्कार कोष स्थापना

**बजेट विनियोजन रु. (हजारमा)** ५,०००।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**सहयोगी निकायः** विज्ञान तथा प्रविधि प्रतिष्ठान
**समय सिमाः** वार्षिक

कार्यविधीः

- प्रादेशिक आविष्कार कोष स्थापना गर्न निर्देशिका/मापदण्ड तयार गरी विज्ञान तथा प्रविधि प्रतिष्ठान संग समन्वय/सहकार्य गरिने।
- आवश्यकता अनुसार कार्यदल गठन गर्न सकिने ।

- कार्यदलले सिफारिस गरे बमोजिम अनुसन्धानकर्ताहरुलाई अनुसन्धानको लागि प्रादेशिक आविष्कार कोषबाट रकम उपलब्ध गराईने ।

**कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिनेछ**

- कार्यक्रमको उपलव्धी
- कोषको सम्पूर्ण तथ्याङ्क

**अपेक्षित उपलब्धिः** प्रादेशिक आविष्कार कोष स्थापना भई विज्ञान प्रविधि क्षेत्रमा अध्ययन अनुसन्धानमा थप टेवा पुग्ने ।

## ७. विज्ञान प्रविधिसंग सम्बन्धित सरोकारवालासंग समन्वय गोष्ठी/अन्तरकृया

**बजेट विनियोजन रु. (हजारमा)** ५००।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**सहयोगी निकायः** शैक्षिक संस्थाहरु, विज्ञान तथा प्रविधि प्रतिष्ठान, राष्ट्रिय सूचना प्रविधी केन्द्र
**समय सिमाः** वार्षिक

कार्यविधीः

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम संञ्चालन गरिने।
- विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्वन्धित सरोकारवालाहरु पहिचान गरि समन्वय (गोष्ठी/अन्तरक्रिया) कार्यक्रम संचालन गरिने ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रचलित सार्वजनिक खरिद ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु,**

- छलफल, वैठक एवं अन्तरक्रियाका विषयवस्तु
- कार्यक्रम संञ्चालन भएको स्थान
- कार्यक्रमको भौतिक, वित्तिय र भारित प्रगति
- कार्यक्रमको उपलव्धी
- स्थान र मिति देखिने व्यानर सहितको सहभागीहरुका फोटाहरु

**अपेक्षित उपलब्धिः** प्रदेशभित्र विज्ञान तथा प्रविधि क्षेत्रसंग सम्वन्धित सरोकारवालाहरुसंग समन्वय भई भावी योजना निर्माणमा सहयोग पुग्ने ।

## ८. विज्ञान प्रविधि सम्बन्धी नीति, नियम र कानून निर्माण

**बजेट विनियोजन रु. (हजारमा)** ५००।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**सहयोगी निकायः**
**समय सिमाः** वार्षिक



चन्द्रराज ढुंगाना
प्रदेश सचिव

कार्यविधीः

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम संञ्चालन गरिने।
- आवश्यकता अनुसार कार्यदल गठन गर्न सकिनेछ।
- सरोकारवाला निकायहरुसंग छलफल तथा समन्वय गरिने ।
- आवश्यकता अनुसार परामर्सदातावाट सेवा लिन सकिने ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु**

- तयार गरिएको नीति, नियम र कानूनको मसौदा
- कार्यक्रमको भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमका फोटाहरु

**अपेक्षित उपलब्धिः** प्रदेशभित्र विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्वन्धित नीति, नियम र कानुन निर्माण हुने ।

## ९. विज्ञान प्रविधि सम्बन्धी स्नातकोतर तहमा सोधपत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग

**बजेट विनियोजन रु. (हजारमा)** ६२५।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**सहयोगी निकायः** विज्ञान तथा प्रविधि प्रतिष्ठान, त्रि.वि.वि, पूर्वाञ्चल विश्वविद्यालय
**समय सिमाः** वार्षिक

कार्यविधीः

- विज्ञान प्रविधि क्षेत्रमा स्नातकोत्तर तहमा सोधपत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग उपलब्ध गराउन निर्देशिका/मापदण्ड तयार गरि विज्ञान तथा प्रविधि प्रतिष्ठान, त्रि.वि.वि तथा अन्य विश्वविद्यालयसंग समन्वय/सहकार्य गरिने।
- प्रदेश भरीमा जम्मा ५ जनालाई स्नातकोत्तर तहको अनिवार्य अनुसन्धानमा सहयोग उपलब्ध गराइने ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**कार्यक्रम सम्पन्नपश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिने**

- अनुसन्धान प्रतिवेदन
- कार्यक्रमको उपलव्धी

**अपेक्षित उपलब्धिः** विज्ञान प्रविधि क्षेत्रमा अध्ययन अनुसन्धानमा प्रोत्साहन हुने ।



चन्द्रराज ढुंगाना
प्रदेश सचिव

१०. अनुगमन तथा मूल्यांकन खर्च

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

**बजेट विनियोजन रु. (हजारमा) ७००।-**
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**सहयोगी निकायः**
**समय सिमाः** वार्षिक

कार्यविधीः

- विज्ञान प्रविधि अन्तर्गतको कार्यक्रमको अनुगमन तथा मूल्यांकनमा यो रकम खर्च गरिने ।
- अनुगमन महाशाखा र सरोकार राख्ने शाखाहरू मार्फत अनुगमन गरिने ।
- अनुगमन कार्ययोजना वनाउनुपर्ने ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु**

- अनुगमनका विषयवस्तु, उद्देश्य, औचित्य
- स्वीकृत अनुगमन कार्ययोजनाको प्रतिवेदन
- कार्यक्रम संञ्चालन भएको स्थान
- कार्यक्रमको भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको उपलव्धी, प्रभाव र असर
- अनुगमनमा सहभागीहरु सहित अनुगमन गरिएको स्थान देखिने फोटोहरु

**अपेक्षित उपलब्धिः** संचालित कार्यक्रमको अनुगमन भई प्रभावकारीता मूल्याङ्कन गर्न सहयोग हुने ।

बद्रीराज ढुंगाना
प्रदेश सचिव